# आत्मनिर्भर स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०८०,

बर्जु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय अमाहिवेल्हा सुनसरी

# **आत्मनिर्भर स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०८०,**

सिपमा आधारित विभिन्न पेशा व्यवसाय संचालन गरिरहेका व्यवसायी तथा यस्तै प्रकारका उद्यम व्यवसाय गर्न चाहने सामाजिक तथा आर्थिक रुपमा पछाडी रहेका यस बर्जु गाउँपालिका भित्र वसोवास गर्ने विपन्न नागरिकहरुको आर्थिकस्तरोन्नतीका लागि उनीहरुको सीपमा आधारित व्यवसायलाई सवलीकरण गर्न तथा आवश्यक प्रविधि हस्तान्तरण गरी आत्मनिर्भर स्वरोजगार बनाई आर्थिक शसक्तिकरणमा टेवा पुर्याउन आवश्यक भएकोले बर्जु गाउँपालिका,गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरी स्वीकृत गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

यस कार्यविधिको नाम "आत्मनिर्भर स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०८०," रहेको छ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**,

क) "**विशेष सिप**" भन्नाले उद्यम/व्यवसाय संचालन गर्नका लागि दिईने सम्वन्धित विषयको तालिम सम्झनु पर्दछ।

ख) **"उद्यमी/व्यवसायी "**भन्नाले यस कार्यविधि बमोजिम सीपमा आधारित उद्यम/व्यवसाय संचालन गरिरहेका वा गर्न ईच्छुक व्यक्ति वा समुह सम्झनु पर्दछ ।

ग) **"गाउँपालिका"** भन्नाले बर्जु गाउँपालिका लाई सम्झनु पर्दछ ।

घ) **"वडा कार्यालय"** भन्नाले बर्जु गाउँपालिका भित्रका वडा कार्यालय लाई सम्झनु पर्दछ ।

ङ) **"प्रविधि"** भन्नाले उद्यमी व्यवसायीले संचालन गर्ने वा संचालन गरेको सीपमा आधारित उद्यम/व्यवसायलाई स्तरोन्नती गर्न सहयोग पूर्याउने वस्तु वा सेवालाई गुणस्तरिय वनाउन प्रयोग गरिने मेशनरी औजार/उपकरणलाई सम्झनु पर्दछ।

**३.कार्यक्रमको उद्धेश्य :-**

बर्जु गाउँपालिका भित्रका विपन्न नागरिकहरु जो विभिन्न सिपमा आधारित व्यवसयाहरु संचालन गरिरहेका छन, उनीहरुको व्यवसायको स्तरोन्नतीका लागि आवश्यक प्रविधि (औजार तथा सामग्री) हस्तान्तरण गरी व्यवसाय शुरुवात तथा सवलीकरण गरी आर्थिक रुपमा आत्मनिर्भर/स्वरोजगार बनाउनु यस कार्यक्रमको प्रमुख उद्धेश्य रहेको छ ।

**४ कार्यक्रम संचालन हुने स्थान,सीपमा आधारित व्यवसायको प्रकार र लक्षित समुह**

यस गाउँपालिकाको ६ वटै वडाका अनुशुची-४ मा उल्लेखित सीपमा आधारित व्यवसाय संचालन गरिरहेका ईच्छुक विपन्न नागरिकहरु तथा यस्तै प्रकारका व्यवसाय गर्न ईच्छूक व्यक्तिहरुलाई उद्यमी/व्यवसायी बनाउनका लागि आवश्यक प्रविधि (व्यवसायीक सहयोग सामाग्री) हस्तान्तरण गरिने छ ।

**५) कार्यक्रम संचालनको विधि**

यस कार्यविधि बमोजिमको कार्यक्रम संचालन गाउँपालिकाको स्वीकृत बार्षिक बजेट बाट संचालन गर्नु पर्नेछ । सीपमा आधारित व्यवसाय संचालन गरेका र गर्न ईच्छूक उद्यमी/व्यवसायीहरु लाई प्रविधि उपलब्ध गराउनका लागि नीजहरुले पेश गरेको व्यवसायिक प्रस्तावका आधारमा छनौट गरी गाउँपालिकाले तालिम दिई वा नदिई पनी आवश्यक्ता र औचित्यता हेरी

समितिको निर्णयानुसार प्रविधि हस्तान्नतरण गर्नेछ ।यसका लागि गाउँपालिकाले खुल्ला रुपमा सुचना आह्वान गरी प्रस्ताव माग गर्नु पर्नेछ।

**६) <u>सेवाप्रदायक संस्थाको छनौट :</u>**- उक्त प्रविधि हस्तान्तरण कार्यक्रम गाउँपालिका आफैले वा सेवा प्रदायक संस्था मार्फत पनी गर्न सक्नेछ सेवा प्रदायक संस्थाको छनौट बर्जु गाउँपालिकाले प्रचलित कानुन बमोजिम गर्नेछ ।

**७) <u>सहभागी छनौट विधि :-</u>** तालिममा सहभागी हुने उद्यमी/व्यवसायीहरुको छनौट खुल्ला प्रस्ताव आह्वानबाट म्याद भित्र पेश भएका निवेदकहरु मध्येबाट गाउँपालिकाले गर्नेछ ।यस प्रयोजनका लागि गाउँपालिकाले सम्वन्धित शाखा तथा आवश्यक्ता अनुसार वडा कार्यालय सँग समेत समन्वय गर्न सक्नेछ।

**८) <u>सहभागी छनौटका आधारहरु</u>**

१) प्रविधि हस्तान्तरण व्यक्तिगत तथा सामुहिक रुपमा बर्जु गाउँपालिकाले छनौट गरेका उद्यमी/व्यवसायीहरुलाई उपलब्ध गराईनेछ ।

२) लाभग्राही व्यवसायी छनौट गर्दा देहायका आधारमा गर्ने पर्नेछ ।
- उमेर (२० देखी ५९ बर्ष)
- उद्यम व्यवसाय प्रतिको अभिरुची,र क्षमता
- व्यवसायमा लगानी गर्ने क्षमता,प्रतिवद्धता र निरन्तरता

३) प्रविधि हस्तान्तरणका लागि तोकीए भन्दा बढी निवेदन पर्न आएमा देहाय बमोजिम प्राथमिकताको क्रम कायम गरी लाभग्राहीहरु छनौट गर्नु पर्नेछ ।
- एउटा परिवारबाट एक भन्दा बढी सदस्यलाई छनौट नगरिने ।
- आर्थिक,लैंगिक,जातीय,बर्गीय र भौगोलिक रुपले सिमान्तकृत तथा द्वन्द र हिंसा पिडित,बहु विपन्न,एकल महिला र शारिरिक रुपले फरक क्षमता भएतापनी उद्यम/व्यवसाय गर्न सक्ने फरक क्षमता भएका व्यक्ति,
- परिवारको अन्य आय आर्जनको स्रोत र गरीवीको अवस्था हेरी वडा कार्यालयको सीफारिसमा गाउँपालिकाले छनौट गरेका व्यवासायी/उद्यमीहरु

**९) <u>व्यवसाय दर्ता गर्नु पर्ने</u> :-**

व्यवसाय गर्न ईच्छूक वा व्यवसाय गरिरहेका उद्यमी व्यवसायीले आफुले संचालन गरेको वा शुरु गर्न चाहेको व्यवसाय खडा गरी सम्वन्धित वडामा व्यवसाय दर्ता गराई प्रमाणपत्र लिनु पर्नेछ भने पछी पान नम्वर समेत लिनु पर्नेछ ।

**१०) <u>व्यवसाय प्रस्ताव पेश गर्नु पर्ने :</u>**

वडा कार्यालयमा दर्ता भई व्यवसाय प्रमाणपत्र प्राप्त गरेको तालिम प्राप्त व्यवसायी/उद्यमीले देहायको कागजात संलग्न गरी तालिम लिएको सम्वद्ध व्यवसायीक प्रस्ताव बर्जु गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

क) बर्जु गाउँपालिकाको सम्वन्धित वडामा व्यवसाय दर्ता गरेको प्रमाणपत्र ।

ख) अनुशुची-१ को ढाँचा बमोजिमको विस्तृत विवरण सहितको व्यवसायिक प्रस्ताव ।

ग) यसरी पेश गरिने व्यवसायिक प्रस्तावमा सामान्यतया:देहायका कुराहरु खुलाउनु पर्नेछः-

- व्यवसायको नाम,प्रोपराईटर (उद्यमीको) नाम,ठेगाना,उमेर,शैक्षिकस्तर,व्यवसायिक अनुभव लगायतका कुराहरु समेटिएको संक्षिप्त विवरण,
- व्यवसायको नाम,उद्देश्य,संचालन गरिने स्थान,
- लागत,लगानी स्रोत र अपेक्षित प्रतिफल,
- प्रमुख क्रियाकलाप
- कार्यान्वयनमा आवश्यक जनशक्ति तथा सामाग्री
- भावि योजना
- अन्य आवश्यक कुराहरु

**११ .प्रस्तावको स्वीकृती**

१) दफा १० बमोजिम पेश भएको व्यवसायिक प्रस्तावको औचित्यपूर्ण जाँचवुझका आधारमा गाउँपालिकाले स्वीकृत गर्नेछ ।

२) स्वीकृत भएको व्यवसायिक प्रस्ताव कार्यान्वयका लागि गाउँपालिका र उद्यमी/व्यवसायीको देहाय बमोजिमको संयूक्त लागत सहभागिता रहने छ ।

क) गाउँपालिकाबाट उपलब्ध हुने सीपमा आधारित प्रविधि( व्यवसायीक औजार तथा सामग्री) गाउँपालिकाले आफै खरिद गरी सम्वन्धित व्यवसायीलाई हस्तान्तरण गर्नेछ अथवा सम्वन्धित व्यवसायीले आफुलाई चाहिने सामाग्री खरिद गरी विल पेश गरेमा बढीमा रु. १०,०००/-(अक्षरेपी दशहजार ) सम्मको रकम मध्ये जुन कम हुन्छ सो रकम व्यवसायीलाई भुक्तानी गर्न सक्ने छ ।यस्तो रकम गाउँपालिकाबाट सम्वन्धित व्यवसायीको खातामा उपलब्ध गराईने छ ।

**१४. अनुगमन तथा सहजीकरण समितिको गठन र काम कर्तव्य र अधिकार**

१) कार्यक्रममा सहयोग,समन्वय तथा अनुगमन समेत गर्नका लागि देहाय बमोजिमको एक अनुगमन तथा सहजीकरण समिति रहनेछ।

क) गाउपालिकाको उपाध्यक्ष ..........................................................................संयोजक
ख) कार्यक्रम संचालन भएको वडाको वडाध्यक्ष ........................................ सदस्य
ग) रोजगार शाखाका शाखा प्रमुख....................................................................सदस्य
घ) सम्वन्धित वडाको वडा सचिव ................................................................ सदस्य
ङ) सामाजिक विकाश शाख प्रमुख ..............................................................सदस्य-सचिव

२) गाउँपालिकाका अध्यक्ष दफा (१) बमोजिमको समितिको संरक्षक हुनेछ ।

३) अनुगमन तथा सहजीकरण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) संचालित कार्यक्रमको अनुगमन,सहयोग,समन्वय र सहजीकरण गर्ने ।
ख) कार्यक्रम सम्पन्न भए पश्चात सहभागीहरु स्वरोजगार भए नभएको अनुगमन गर्ने ।

**१५) अनुगमन,मूल्यांङ्कन तथा प्रतिवेदन**

१) कार्यक्रमको प्रभावकारिताका लागि बर्जु गाउँपालिका, सम्वन्धित वडा कार्यालयबाट अनुगमन गरिनेछ ।

२) प्रविधि प्राप्त गर्ने व्यवसायीले प्राप्त गरेको व्यवसायीक सामग्रीको प्रयोग गरे नगरेको समष्टिगत प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

३) कार्यक्रमको प्रभावकारिताका सम्वन्धमा अनुगमन तथा सहजीकरण समितिले गरेको अनुगमनका आधारमा सो समितिका सदस्य-सचिवले चौमासिक रुपमा गाउँपालिका समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४) अनुगमन तथा मूल्यांकनका क्रममा यस कार्यविधि बमोजिम प्रदान गरिएको रकमको उद्येश्यमूलक ढंगले उपयोग नगरिएको तथा रकम अन्य प्रयोजनमा प्रयोग गरेको पाईएमा प्रचिलित कानुन बमोजिम कार्वाही हुनेछ ।

**१६) हस्तान्तरण गरिएको प्रविधि फिर्ता गर्नु पर्ने**

क) यस कार्यविधि बमोजिम गाउँपालिका वा वडा कार्यालयबाट व्यवसायीक सामग्री प्राप्त गर्ने उद्यमी/व्यवसायीले व्यवसायीक औजार/सामग्री प्राप्त गरेको ३० दिन भित्र विशेष परिस्थीती बाहेक व्यवसायमा उक्त सामाग्री प्रयोग नगरेमा वा व्यवसाय शुरुवात नगरेमा अनुगमन समितिको सिफारिसका आधारमा गाउँपालिकामा उक्त सामाग्री फिर्ता गर्नु पर्नेछ ।

ख) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता उद्यमी/व्यवसायीले प्राप्त गरेको प्रविधि लाई उद्धेश्यमूलक कार्यमा प्रयोग नगरी उद्धेश्य विपरीतको कार्यमा प्रयोग गरेमा,हानी नोक्सानी पुर्याएमा वा कार्यविहिन भएमा उपलब्ध गराईएको औजार/सामग्री तुरुन्त फिर्ता गर्नु पर्नेछ । यसरी फिर्ता नगरेमा सरकारी वाकी सरह असुल उपर गरिनेछ ।

**१७) उद्यमशिलता विकास तथा वित्तिय पहुँच**

यस कार्यक्रममा संलग्न उद्यमी/व्यवसायीहरुले सञ्चालन गरेको उद्यम व्यवसायको विकास.प्रोत्साहन तथा विस्तारका लागि आगामी आर्थिक बर्षहरुको कार्यक्रममा समेत आत्म निर्भर स्वरोजगार, उद्यमशिलता विकास र वित्तिय पहुँचका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

अनुशुची -१

(दफा-१० को उपदफा(१) को खण्ड (ख) सँग सम्वन्धित )

<u>व्यवसायिक प्रस्तावको ढाँचा</u>

..........................उद्यम/व्यवसाय सञ्चालनको लागि प्रविधि उपलब्ध गराई दिने सम्वन्धमा

श्री....................वडा/गाउँपालिका समक्ष पेश गरिएको

........................सम्वन्धि उद्यम/व्यवसायको

**व्यवसायिक प्रस्ताव**

प्रस्ताव पेश गर्ने

.......................व्यक्ति/ समुह/संस्था

.............................................

.......................................

१.उद्यमी/व्यवसायीको नाम तथा ठेगाना :-.......................................................

२.समुह भए सदस्यहरुको सामान्य परिचय

| सि.नं. | नाम थर | ठेगाना | उमेर | शैक्षिक योग्यता | हालको पेशा | यस अघि गरेको कुनै व्यवसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३.व्यवसायको नाम :-...............................................................................

४.व्यवसायको उद्येश्य :-............................................................................

५.व्यवसाय संचालन गरिने स्थान ...........................................................

६.व्यवसायको अनुमानित लागत :-.........................................................

७.व्यवसायमा प्रयोग हुने सामाग्रीहरु :-

क) हाल रहेको सामाग्रीहरु

१)

२)

३)

४)

५)

ख. गाउँपालिका सँग माग गरिएका आवश्यक व्यवसायीक सामाग्रीहरु

१)

२)

३)

४)

५)

व्यवसाय संचालनका लागि सीप आवश्यक भए कस्तो प्रकारको सीप आवश्यक भएको हो र कुन स्तर (आधारभूत वा एडभान्स सो समेत उल्लेख गर्ने

९. अपेक्षित प्रतिफल :- (बार्षिक रुपमा के कति मूनाफा आर्जन गर्न सकिन्छ तथा सो मूनाफाबाट के कति समयभित्रमा लगानी उठाउन सकिन्छ आदि उल्लेख गर्ने)

१०.कार्यान्वयनमा आवश्यक पर्ने अनुमानित जनशक्ति:- (आवधिक र पूर्णकालीन रुपमा रोजगारी प्राप्त गर्न सक्ने आवश्यक कर्मचारी वा जनशक्तिको संख्या उल्लेख गर्ने)

११. भावि योजना :- (भविष्यमा गरिने अन्य कुनै व्यवसायिक योजना भए सो समेत उल्लेख गर्ने )

१२.अन्य कुराहरु :-( अन्य कुराहरु भए उल्लेख गर्ने )

अनुशुची-२

(दफा ११ को उपदफा(४) सँग सम्वन्धित)

सम्झौताको ढाँचा

बर्जु गाउँपालिका र ....................................व्यवसायी/उद्यमी बीच.............................उद्यम/व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा भएको

**<u>सम्झौता-पत्र</u>**

आज मिति...............................गतेका दिन ..............................मा श्री बर्जु गाउँपालिका (यसपछी पालिका भनिएको) र ......................... (यसपछी उद्यमी/व्यसायी भनिएको) बीच बर्जु गाउँपालिकाबाट स्वीकृत गरिएको आत्मनिर्भर स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०८०,(यसपछी कार्यविधि भनिएको) बमोजिम तपशिलका शर्तहरुको अधिनमा रही बर्जु गाउँपालिकाको वडा नं.......को ..........टोलमा व्यवसाय सञ्चालन गरिरहेको वा गर्न मन्जुर भई यो सम्झौता गरि एक/एक प्रति एक आपसमा बुझिलियौं/दियौं ।

सम्झौताका शर्तहरु

१) उद्यमी/व्यवसायीले कार्यविधि बमोजिम बर्जु गाउँपालिकाको वडा नं........लाई मुख्य कार्यक्षेत्र बनाई.................सम्वन्धि उद्यम/व्यवसाय संचालन गर्नेछ ।
२) उल्लेखित बमोजिमको व्यवसाय सञ्चालन गर्न उद्यमी/व्यवसायीलाई गाउँपालिकाले व्यवसायीक सामाग्री/औजार खरिद गरी हस्तान्तरण गर्नेछ अथवा व्यवसायीले खरिद गरेको सामाग्री/औजारको खरिद मूल्य वा अधिकतम १००००।–अक्षरेपी दशहजार मध्ये जुन कम हुन्छ सो बराबरको रकम उपलब्ध गराउनेछ ।
३) कार्यविधि बमोजिम उद्यमीले पेश गरेको व्यवसायीक प्रस्ताब बमोजिम प्राप्त गरेको सामाग्री/औजारहरु व्यवसायीक कार्यमा प्रयोग भए नभएको सम्बन्धमा प्रत्यक्ष रुपमा पालिका वा वडाको अनुगमन हुनेछ ।
४) व्यवसाय संचालन गर्ने सम्वन्धमा एकल वा समुह बनाई कुन रुपमा गर्ने हो सोको निर्णय पालिका सँग समन्वय गरी गर्नु पर्नेछ ।
५) संचालन गरेको उद्यम>व्यवसायलाई गाउँपालिका तथा वडा कार्यालयबाट नियमित अनुगमन गरिनेछ ।अनुगमनका क्रममा उद्यमी/व्यवसायीले कार्यविधि र सम्झौता बमोजिम उद्यम/व्यवसाय संचालन नगरेको पाईएमा तथा उद्देश्यमूलक ढंगले औजार/सामग्री प्रयोग गरेको नपाईएमा उक्त सामाग्री फिर्ता गर्न लगाई व्यवसायको दर्ता खारेज गर्न सिफारिस गरी उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
६) यो सम्झौताको अवधि दुबै पक्षले सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिबाट प्रारम्भ भई कायम रहने छ।
७) यो सम्झौतामा लेखिएका कुराहरु यसै बमोजिम तथा अन्य कुराहरु कार्यविधि तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

यो कार्यक्रम सञ्चालन गर्नका लागि हामी दुवै पक्ष सहमत छौं र यस सम्झौतामा लेखिएका शर्तहरुको पालना दुवै पक्षबाट जिम्बेवारीपूर्वक गर्नेछै भनि सहिछाप गर्ने,

| <u>उद्यमी/व्यवसायीको तर्फबाट</u> | <u>गाउँपालिकाको तर्फबाट</u> |
|---|---|
| नाम थर | नाम थर |
| पद | पद |
| हस्ताक्षर | हस्ताक्षर |
| मिति | मिति |

अनुशुची-३

(दफा...को उपदफा(३) सँग सम्वन्धित)

<u>प्रतिवेदनको ढाँचा</u>

...............................उद्यमी/व्यवसायीले ले बर्जु गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय द्वारा जारी गरिएको आत्मनिर्भर स्वरोजगार कार्यक्रम कार्यविधि, २०८० बमोजिम...........................................व्यवसाय सञ्चालन सम्वन्धमा बर्जु गाउँपालिका समक्ष पेश गरेको

प्रतिवेदन

१.उद्यमी/व्यवसायीको नाम तथा ठेगाना :-.......................................................

२.समुह भए सदस्यहरुको सामान्य परिचय

| सि.नं. | नाम थर | ठेगाना | उमेर | शैक्षिक योग्यता | हालको पेशा | यस अघि गरेको कुनै व्यवसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

३.उद्यम/व्यवसायको नाम :-.............................................................................
४.उद्यम/व्यवसायको उद्वेश्य :-............................................................................
५.उद्यम/व्यवसाय संचालन गरिने स्थान ...........................................................
६.उद्यम/व्यवसायको कुल लागत :-........................................................
७.उद्यम/व्यवसायमा प्रयोगरिएको सामाग्री श्रोत :-

- क) गाउँपालिकाबाट उपलब्ध गराईएको सामाग्री :-.......................................
- ख) उद्यमी/व्यवसायीबाट व्यवस्थापन गरिएको सामाग्री:.......................................................

८. उद्यम/व्यवसायको हालको चल अचल सम्पतिको अवस्था :( सबै चलअचल सम्पत्तिको विवरण उल्लेख गर्ने)

९. उद्यम/व्यवसायमा प्रयोग गरिएको भवन वा जग्गा ( आफ्नै वा भाडामा के हो उल्लेख गर्ने भाडामा भए प्रतिमहिना भाडा दर उल्लेख गर्ने )

११ .कुल नाफा/ नोक्सान :-

१२.जनशक्ति (आवधिक र पूर्णकालिन रुपमा रोजगारीमा रहेका कर्मचारी वा जनशक्तिको पद र संख्या उल्लेख गर्ने ।)

१३. भावि योजना :- (भविष्यमा गरिने अन्य कुनै व्यवसायिक योजना भए सो समेत उल्लेख गर्ने )

१४.अन्य कुराहरु :-( अन्य कुराहरु भए उल्लेख गर्ने )

प्रतिवेदक

प्रोपराईटर ........................

हस्ताक्षर :........................

मिति .......................

अनुशुची-४

दफा ४ सँग सम्वन्धित

## **सीपमा आधारित व्यवसायहरु**

1. मेकानिकल ईलेक्ट्रो सीटी रिक्शा, ई.मोटरसाईकल
2. हाउसवायरिङ्ग,पंखा
3. रेफ्रिजरेशन,स्काफफोल्डर
4. मोवाईल मेकर
5. मोटरसाईकल रिपेयरिङ्ग
6. मोवाईल मेकर
7. हेभी डिजल,पेट्रोल ईन्जिन मेकानिक
8. ड्राईभिङ्ग
9. हेभी मोटर वेल्डिंङ्ग
10. वारवर (शैलुन)
11. व्यूटीसियन,छाला,केश पहिरन
12. बुटिक ईम्व्रोड
13. नेपकीन
14. होजियारी (मिनी गारमेन्ट)
15. टेलरिङ्ग
16. मोती खेती
17. सावुन हरपिक फिनेल
18. वेल्डर
19. अल्मुनियम झ्यालढोका
20. सटरिंङ्ग कार्पेन्टर

२७.केण्डी, चकलेट,जुस,अन्य फूड प्रोडक्टस
२८.पापड,चिप्स अचार
२९.फूटवयेर
३०.तरकारी खेती (आधुनिक)
३१.बाख्रा पालन
३२.च्याउखेती
३३.अन्य

21. कम्प्यटर हार्डवेयर
22. पेन्टीङ्ग
23. लेथ अपरेटर
24. वेटर
25. कुक
26. हाउस किपिङ्ग